प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
प्रदेश नं.२ जनकपुरधाम, धनुषा

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

प्र.सं. २०७५।०७६
चलानी नं. ६१

मिति : २०७५।०९।२७

**उच्च शिक्षामा अध्ययन गर्ने डोम मुसहर र चमारका लागि र अपांगता भएका विद्यार्थीको लागि छात्रवृत्ति सम्बन्धी सूचना २०७५**

(प्रथम पटक प्रकाशन मिति : २०७५/०९/२७)

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं २, जनकपुरधामको मिति २०७५।७।१९ को पत्रवाट चालु आ.व. २०७५।०७६ वजेट शिर्षक नं ७०२३७३९१ सि. नं २४७ र ३१७ अनुसार यस निर्देशनालयलाई प्राप्त वजेट तथा कार्यक्रम अनुसार **उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीका लागी र सामुदायिक कलेजवाट कक्षा १२ र स्नातक तह प्रथम श्रेणीमा उर्त्तिण गरी स्नातक तह र स्नातकोत्त्तर तहमा अध्ययनरत डोम, मुहसर र चमारका लागि छात्रवृत्ति** वितरण गर्ने कार्यक्रम रहेकोले उक्त छात्रवृत्ति लिन इच्छुक यस प्रदेश नं २ का विद्यार्थीवाट देहाय वमोजिमको निवेदन आव्हान गरिएको छ ।

तपसील

**अ) छात्रवृत्तिको नाम : उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका विद्यार्थीका लागी छात्रवृत्ति**

१.लक्षित समुह : उच्च शिक्षामा अध्ययन गर्ने अपांगता भएका बिद्यार्थी
२. निवेदन आइपुग्नुपर्ने अन्तिम मिति : २०७५ माघ २६ गते सम्म
३.छात्रवृत्तिको राशी : अपांगताको प्रकृति अनुसार (कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५।०७६ अनुसार )
५. निवेदन गर्ने स्थानहरु : सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाई ८ वटै जिल्ला
६. संलग्न हुनुपर्ने कागजातहरु :
- क) विद्यार्थीको निवेदन
- ख) आफुले अध्ययन गरेको कलेज/ क्याम्पसमा नियमित अध्ययन गरिरहेको व्यहोरा खुल्ने शिफारिस , भर्ना भएको रसिद
- ग) अपांगताको प्रमाणपत्रको प्रतिलिपि र अपांगता देखिने गरी हालसालै खिचिएको फोटो
- घ) नेपाली नागरीकताको प्रमाण पत्र
- ङ) सम्वन्धित स्थानीय तहको शिफारिस
- च) विद्यार्थीको व्यक्तिगत विवरण (**Bio Data**)
- छ) राष्ट्रिवाणिज्य वैक वा नेपाल राष्ट्र वैकवाट क वर्गको मान्यता प्राप्त वैकमा खाता खोली वैंकको नाम ठेगाना र खाता नं

**आ उच्च शिक्षामा अध्ययन गर्ने डोम, मुहसर र चमार विद्यार्थीका लागि छात्रवृत्ति**

१.लक्षित समुह : उच्च शिक्षामा सामुदायिक विद्यालयबाट कक्षा १२ र स्नातक तह प्रथम श्रेणीमा उर्त्तिण गरी स्नातक तह र स्नातकोत्तर तह अध्ययनरत डोम, मुहसर र चमारका सन्ततीहरु
३. निवेदन आइपुग्नुपर्ने अन्तिम मिति : २०७५ माघ २६ गते सम्म
४.छात्रवृत्तिको राशी : प्रति विद्यार्थी प्रति महिना २५००
५. निवेदन गर्ने स्थानहरु : सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाई ८ वटै जिल्ला
६. संलग्न हुनुपर्ने कागजातहरु :
- क) विद्यार्थीको निवेदन
- ख) आफुले अध्ययन गरेको कलेज/ क्याम्पसको नियमित अध्ययन गरिरहेको व्यहोरा खुल्ने शिफारिस र भर्ना भएको रसिद
- ग) आफुले प्राप्त गरेको लव्धांक पत्रको प्रमाणित प्रतिलिपि
- घ) नेपाली नागरीकताको प्रमाण पत्र
- ङ) सम्वन्धित स्थानीयतहको शिफारिस
- च) विद्यार्थीको व्यक्तिगत विवरण (**Bio Data**)
- छ) राष्ट्रिवाणिज्य वैक वा नेपाल राष्ट्र वैक वाट क वर्गको मान्यता प्राप्त वैकमा खाता खोली वैकको नाम ठेगाना र खाता नं

पुनश्च : सवै स्थानिय तहहरुले उल्लेखित सुचना सवै सरोकारवालाहरुमा उपलव्ध गराई आवश्यक सहजीकरण गरीदिनुहुन र ८ वटै शिक्षा विकास तथा समन्वय इकाइहरुले सरोकारवालाहरुलाई यस सम्वन्धि जानकारी गराई दिनुका साथै कार्यालयका एकजना कर्मचारीहरुलाई जिम्मेवारी दिई सूचना अनुसार निवेदन रुजु तथा संकलन गरी २०७५।११।०१ गते सम्म शिफारिस सहित यस निर्देशनालयमा पठाउने व्यवस्था मिलाउनु हुन समेत यसै साथ अनुरोध गरीन्छ ।

*अन्य जानकारीको लागि यस निर्देशनालयमा सिधै आई वा ९८५४०२१११० मा सम्पर्क गर्न सकिने छ । तोकिएको समय भन्दा पछि पेश भएका निवेदन उपर कुनै कार्यवाहि नहुने समेत यसै साथ जानकारी गराइन्छ ।*

२०७५।९।२८

निर्देशक